Government of Nepal
Department of Archaeology

Nepal Heritage Recovery Campaign
नेपाल सम्पदा पुनर्स्थापन अभियान

# सम्पदा पुन:स्थापना सम्बन्धि ललितपुर घोषणा, जेष्ठ १४, २०२४

*नेपालमा विभिन्न सम्पदा चोरी र पुनःस्थापना को पक्षमा  दुई दिने राष्ट्रिय सम्पदा पुनःस्थापना सम्मेलनले वृहत विमर्श तथा छलफल पश्चात निम्न घोषणाहरु गर्दछ ।*

यस राष्ट्रिय सम्पदा पुनःस्थापना सम्मेलनले विश्वभरका संग्रहालय, क्युरेटरहरू र निजी संकलकहरूलाई आफ्नो सूचीहरूको पुनरावलोकन गर्न, नेपालबाट चोरी भएका सांस्कृतिक वस्तुहरू पहिचान गर्न, र तिनीहरूलाई फिर्ता गर्न तत्काल उत्तरदायी हुन आह्वान गर्दछ । नेपालको जीवित संस्कृतिलाई दशकौं देखी लुटि अनुचित तरिकाले संगठित अपराधको शैलिमा संग्रहित तथा संकलन गरिएका मूर्त सम्पदाका कारणले हाम्रो सम्पदामा ह्रास पर्न गएको छ । यस बारे जागरुक भएर त्यस्ता संस्था तथा निजी संकलकहरुले तिनको पुनःस्थापना गर्नु कानुनी तथा नैतिक कर्तव्य भएको बारे अवगत गराउदछौ । जबसम्म ति चोरिएका सम्पदाहरु आफ्नो घर फर्काइदैनन् र फर्काउने प्रकृयामा रहन्छन् तबसम्म ति व्यक्ति तथा संस्थाले सो, मूर्त सम्पदालाई नासोको रुपमा रहेको भन्ने बारे सार्वजनिक रुपमा स्वीकारोक्तीयुक्त घोषणा गर्नु पर्दछ ।

यस सम्मेलनले सम्पदा संरक्षण तथा पुन:स्थापनाको निमित्त पुरातत्व विभागलाई बहुमुखी तथा बहुआयामिक भूमिका निर्वाह गर्ने जिम्मेवारी प्रदान गरी नेपाल सरकारले यसको बजेट  तथा जनशक्ति अभिवृद्धि गरेर अभिलेखीकरण, अनुसन्धान, तथा पुरातात्विक वस्तुको नेपाल फिर्ता गर्ने प्रक्रियालाई अगाडी बढाउन लगाउन अनुरोध गर्दछ । साथै, यस सम्मेलनले नेपाल सरकारका विभिन्न निकायहरुबीच सहकार्यका माध्यमबाट पुन:स्थापना सम्बन्धि कार्य गर्न गराउन पराराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, गुथि संस्थान, स्थानीय सरकार बिच समन्वय तथा सहजिकरण गर्न आहवान गर्दछ ।

नेपाल सरकारले "सम्पदा कूटनीति"लाई अन्तराष्ट्रिय संलग्नताको प्रमुख अवयवको रूपमा उपयोग गरी विश्व समुदायमा सम्पदा पुनःस्थापना अभियानको नेतृत्वकारी भूमिका निर्वाह गर्न आवश्यक कुटनैतिक  रुपरेखा विकाश गर्न तर्फ ध्यानाकर्षण गर्दछ । यसका साथै, हामी नेपाल सरकारलाई विदेशी राष्ट्र तथा संघसंस्थासंग मूर्त सम्पदाको पहिचान तथा पुन:स्थापना सम्बधि कार्यमा सहकार्य गर्न पहल गर्दछ ।

यस सम्मेलन सम्पदा संरक्षणको निमित्त विशेष दायित्व प्रदान गरी "सम्पदा प्रहरी" को स्थापना गर्न नेपाल सरकारलाई सुझाव व्यक्त गर्दछ । हाम्रा राष्ट्रिय ऐन तथा कानुनहरु संशोधन तथा परिमार्जन गरि सम्पदा अपराध तथा पुन:स्थापनाका वर्तमान चुनौतिहरुको सामना गर्न योग्य बनाइँ पुरातात्विक ऐन, २०१३ मा आवश्यक परिवर्तन गर्न आह्वान गर्दछ । यसको साथै पुरातत्व विभागले मौजुदा अभिलेखहरूलाई एकिकृत तथा अध्यावधी गर्न समेत यस सम्मेलनले नेपाल सरकारलाई सुझाव प्रस्तुत गर्दछ ।

हामी नेपालका नागरिकहरूलाई हराएको सम्पदाको बारेमा ऐतिहासिक तस्बिरहरू र समुदायमा रहेका सदस्यहरू जसले चोरी हुनु अघि त्यस ठाउँमा रहेका वस्तुहरू सम्झन्छन् ति व्यक्तिहरूको अभिव्यक्तिलाई प्रमाण सङ्कलन गर्न आह्वान गर्दछौं ताकि क्षतिको दायरा बुझ्न र हाम्रो सम्पदा पुन: प्राप्त गर्न सहजीकरण गर्न सहयोग होस् ।

फिर्ता आएका सांस्कृतिक वस्तु जस्तै मूर्तिहरू, तोरण, टुँडाल, पौवा, अभिलेख र सांस्कृतिक वस्तुहरुलाई मन्दिर, चैत्य-स्तुप र गर्भगृहमा सम्भव भएसम्म तथा समुदायको संरक्षत्वमा पुन:स्थापना गरिनु पर्छ । यस्तो पुन:स्थापना भएको सम्पदालाई भविष्यमा पुनःचोरिनुबाट बचाउन स्थानीय समुदायहरुलाई आवश्यक जानकारी र सहयोग प्रदान गरी सशक्तिकरण गर्न आवश्यक छ ।

सम्मेलनले स्वर्गीय लैनसिंह बांग्देल, सत्यमोहन जोशी, शुक्रसागर श्रेष्ठ र दिना बांग्देल लगायत, सम्पदा लुट्ने विरुद्धको लडाईमा

आफ्नो विद्वता र सक्रियताद्वारा योगदान पुराउने व्यक्तिलाई कृतज्ञता अर्पण गर्दछ। हामी उर्गेन सिक, उल्रिक भोन श्रोदर र रमेश ढुंगेल जस्ता विद्वानहरू र दस्तावेजकर्ताहरूलाई पनि कदर गर्दछौं।

मिडिया, प्राज्ञिक जगत तथा अभियन्ताहरुले नेपाल मण्डल (काठमाडौँ उपत्यका)मा रहेको सम्पदा चोरिको विषयमा ध्यानाकर्षण गरे तापनि यस सम्मेलनले उपत्यका बाहिर हिमाल, पहाड तथा तराईमा रहेको सम्पदा तथा सम्पदा पुन:स्थापनाको आवश्यकतालाई पहिचान गर्दछ। यस विषयमा, डोल्पो तथा मुस्तांग क्षेत्रको सम्पदा चोरी र तराई-मधेशमा रहेका सिम्रौनगढ जस्ता क्षेत्र लगायत उपत्यका बाहिर मध्य-पहाडी क्षेत्रमा सम्पदा पुन:स्थापना तथा चोरी पैठारी उजागर भैरहेका विषयका रुपमा रहेको यस सम्मेलनको निष्कर्ष रहेको छ।

सम्मेलनले संयुक्त राज्य अमेरिका र अस्ट्रेलियाका सरकारहरु (र काठमाडौँ स्थित तिनीहरुका सम्बन्धित दुतावास तथा कुटनीतिक नियोग) ले चोरी गरिएका संस्कृतिक सम्पदाका वस्तुहरुको फिर्ता गर्ने मागमा दिएको सकारात्मक प्रतिक्रिया को प्रशंसा गर्दछ। हामी अन्य राष्ट्रहरुबाट पनि सोहि प्रकारको सहकार्यको अपेक्षा गर्दछौ। विशेष तहमा फ्रान्स र संयुक्त अधिराज्य बेलायत जहाँ बहुसंख्यकरुपमा लुटिएका सामग्रीहरु संग्रहालय र निजि सङ्ग्रहहरुमा रहेका छन्। वर्तमान अवस्थामा सम्पदा चोरी तथा पैठारीको उदयमान  गन्तब्यको रुपमा चीन उदाइरहेकोले सोहि विषयमा चिनियाँ सरकारको सकारात्मक संलग्नताको अपेक्षा यस सम्मेलनले राख्दछ।

विदेशमा अवस्थित नेपाली प्रवासी समुदायको विस्तार संगै संस्कृतिक सम्पदाको पुन:स्थापनाको अभियानमा सहयोग पुग्ने विश्वास सम्मेलनले लिएको छ। हामी मूर्ति प्राप्त तथा अधिग्रहण गरेका मुलुकहरुमा रहेका नेपाली बासिन्दाहरुलाई संग्रहालयहरुको भ्रमण, क्याटलगहरु अध्ययन गरेर एकअर्कालाई र समग्र सर्वसाधारणलाई संचार र सामाजिक संजालहरु प्रयोग गरेर पुन:स्थापनाको अभियानमा सहभागी हुन आहवान गर्दछौ।

यस सम्मेलनले संस्कृतिक सम्पदाको पुर्नस्थापनाका लागि बिश्वब्यापी अभियानलाई थप उर्जा दिन काठमाडौँमा अन्तराष्ट्रिय सरोकारवालाहरुलाई एकै ठाउँमा ल्याउन जनवरी–फेब्रुअरि, २०२५मा सम्पदा पुन:स्थापना सम्बन्धि अन्तराष्ट्रिय सम्मेलन आयोजना घोषणा गर्दछौ।